फोन नं.:-०५७-५२४९७०
Email: tahasil.dcmakawanpur@Supremecourt.gov.np

# मकवानपुर जिल्ला अदालत

## (तहसिल शाखा)

### दशीका सवारी साधन लिलाम बिक्री सम्बन्धी १५ दिने जरुरी सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८२/०५/२० गते**

उपर्युक्त सम्बन्धमा यस अदालतमा विभिन्न मुद्दामा विभिन्न मितिमा दशीका रुपमा पेश भई जिन्सीमा आम्दानी बाँधी राखिएका यस अदालतको विभिन्न मितिको फैसलाले जफत ठहरी जफत सदर समेत भई मुद्दा अन्तिम भएका नियमानुसार लिलाम गर्न मिल्ने सवारी साधन (मोटरसाइकल थान-१०) लिलाम गरी प्राप्त रकम धरौटीमा आम्दानी बाँध्नुपर्ने भएकोले यस अदालतको परिसरमा रहेका उपर्युक्त सवारी साधनहरु जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ को कार्यविधि पुरा गरी डाँक लिलाम गर्ने प्रयोजनार्थ ऐ.नियमावलीको नियम नियम ९२(५) बमोजिम गरिएको प्राविधिक मुल्याङ्कन मिति २०८२।०५ ।१९ गते बसेको यस अदालतको जिन्सी मालसामान मुल्याङ्कन समितिको बैठक अनुसार सदर भई निम्न बमोजिमका सवारी साधनहरु जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र सिलबन्दी दरभाउपत्रको माध्यमबाट जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ को कार्यविधि पुरा गरी डाक लिलाम गर्ने प्रयोजनार्थ ऐ.नियमावलीको नियम ९२(५) बमोजिम गठित मूल्याङ्कन समितिबाट कायम भएको न्युनतम मूल्याङ्कनलाई आधार मानेर दर्ता हुने/नहुने निम्न सवारी साधनहरु तपसिलमा उल्लेखित शर्तमा लिलाम बिक्री गर्न सिलबन्दी दरभाउको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | जि.ल.नं. | सवारी साधन र सवारी नं. | च्यासिस नं. | ईन्जिन नं. | उत्पादन वर्ष | कायम मुल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ८७१ | ना ४९ प ६६७, Pulsar NS 200cc | MD2A 36FYOHCD09812 | JLYCHD67039 | 2017 | ७४,००८।४९ | दर्ता हुने। |
| २. | ३५५ | ना २० प ३४१०, Honda Unicorn, 150cc | ME4KC09CLB8181006 | KC09E6186665 | 2011 | १६,९८१।८६ | दर्ता हुने। |
| ३. | १०६४ | बा ४७ प ४९८१ Apache 180cc | MD634KE6032A13304 | OE6AB2066945 | 2010 | ६,३००/- | स्क्र्याप (पत्रू) दर्ता नहुने |
| ४. | ३७० | बा ५१ प १४३५ VR 150cc | RGTVR150HATA03309 | 01041062 | 2010 | २१,५५०।४३ | दर्ता हुने। |
| ५. | १०५१ | ना ३८ प ६४७ Pulsar 150cc | MD2A11CZOFWJ 35366 | DHZWFJ05320 | 2016 | ६,६६०/- | स्क्र्याप (पत्रू) दर्ता नहुने |
| ६. | १०७६ | ना १४ प ३२४५ Honda Unicorn 150cc | ME4KC093M98116083 | KC09E1117779 | 2009 | ६,२५५/- | स्क्र्याप (पत्रू) दर्ता नहुने |
| ७. | ११२२ | बा ५७ प २३४३ Pulsar 220cc | MD2A13EZ7DCB63076 | DKZCDB59283 | 2013 | ३५,१२४।२४ | दर्ता हुने। |
| ८. | १२२० | ना २५ प ६९५७ Pulsar 220cc | MD2A13EZ9DCA60449 | DKZCDA57121 | नखुलेको | ३५,१२४।२४ | दर्ता हुने। |
| ९. | १२०८ | बा ९६ प ३२८५ Pulsar NS 200cc | MD2A36FY0JCB37299 | JLYCJB80907 | 2018 | ७११०।- | स्क्र्याप (पत्रू) दर्ता नहुने |
| १०. | ११६६ | ना १४ प ६२२३ Honda Shine 125cc | ME4JC366BA8383801 | JC36E956918 | 2010 | ५,५३५/- | स्क्र्याप (पत्रू) दर्ता नहुने |
| जम्मा मुल्य | | | | | | २,१४,६४९।२६ | |

**पालना गर्नुपर्ने शर्तहरु**

१) सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु यस अदालतबाट खरिद गर्न निवेदनका साथ व्यक्ति भए नागरिकताको प्रतिलिपी र फर्म वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, गत आ.व.सम्मको कर चुक्ता प्रमाणपत्र, मु.अ.कर वा स्थायी लेखा नं., प्रमाणपत्रको प्रतिलिपी, नागरिकताको प्रतिलिपी सहित निवेदन दस्तुर रु.५००।- फिर्ता नहुने गरी यस अदालतको राजश्व खातामा जम्मा गरेको रसिद संलग्न गरि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय सम्ममा व्यक्ति, फर्म वा कम्पनीले आफूले खरिद गरेको सिलबन्दी दरभाउपत्रमा आफूले सवारी साधनलाई कबोल गरेको अंक

सहित साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि, अन्यको हकमा प्रोपाईटर र व्यक्ति भए स्वयंले साहिछाप गरी खाम बाहिर सम्बन्धित व्यक्ति/कम्पनी नाम, ठेगाना, सम्पर्क नं.उल्लेख गरी दर्ता गर्नुपर्नेछ।

२) सिलबन्दी दरभाउपत्रमा सम्बन्धित सवारी साधनको न्यूनतम मूल्याङ्कनको १० (दश) प्रतिशत रकम धरौटी वापत यस अदालतको को.ले.नि.का., मकवानपुरको नाउँमा नेपाल बैंक लि.मा रहेको खाता नं.०२५०१०००००२००३००००१, कार्यालय कोड नं.२०४९७३२०१ मा जम्मा गरेको सक्कलै भौचर र व्यक्ति भए नागरिकताको प्रतिलिपी र फर्म वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्र, मु.अ.कर वा स्थायी लेखा नं.प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत पेश गर्नु पर्नेछ।

३) लिलामी हुने सवारी साधनहरुको कायम भएको न्यूनतम मूल्य रु.२,१४,६४९।२६ (अक्षेरुपी दुई लाख चौध हजार छ सय उनान्चास रुपैयाँ छब्बिस पैसा) वा सो भन्दा बढि मूल्य बोल कबोल गर्नु पर्नेछ। आफूले बोल कबोल गरेको मूल्य अंक र अक्षरमा स्पष्ट रुपमा लेखुपर्नेछ। अंक र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिईनेछ।

४) लिलाम भएका सवारी साधनको दर्ता/नामसारी कानून बमोजिम हुनेछ। सवारी साधनहरु यातायात व्यवस्था कार्यालय तथा अन्य निकायमा दर्ता गर्ने प्रयोजनका लागि लाग्ने सम्पुर्ण दस्तुर तथा करहरु लिलाम सकार गर्ने व्यक्ति/फर्म स्वयंले व्यहोर्नुपर्नेछ।

५) यस अदालतमा पेश हुन आएको सम्पूर्ण सिलबन्दी दरभाउपत्र लिलामको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनमा अदालतमा दशौंको विदा शुरु हुने भएकोले दशौंको विदा सकिए पश्चात अदालत खुलेपछि मिति २०८२।०६।२३ गते बिहान ११ बजेदेखि यस अदालतमा सम्बन्धित व्यक्ति र फर्म वा कम्पनीको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ, तर सिलबन्दी दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६) सिलबन्दी दरभाउपत्र प्राप्त गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ।

७) पेश हुन आउने सिलबन्दी दरभाउपत्रहरु मध्ये सबैभन्दा बढि मूल्य बोलकबोल गरेको दरभाउपत्र पेश गर्ने व्यक्ति, फर्म वा कम्पनीले ७ (सात) दिन भित्र बोलकबोल गरेको रकम मध्येको बाँकी रकम र मूल्य अभिबृद्धि कर रकम समेत बैंक दाखिला गरी सामान उठाई लैजानु पर्नेछ। दर्ता नहुने सवारी साधनको इञ्जिन नं., च्यासिस नं.आफ्नै खर्चमा काटी बुझाउनुपर्नेछ।

८) सबैभन्दा बढी बोल कबोल गर्नेले ७ (सात) दिन भित्रमा बाँकी रकम नबुझाएमा क्रमशः दोश्रो, तेश्रो, बढी कबोल गर्ने व्यक्तिले सवारी साधन सकार गरी लिन पाउनेछ।

९) विभाजित समूहमा उल्लिखित दर्ता हुने सवारी साधनको लागि एकमुष्ट वा छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र समेत पेश गर्न सकिने तर दर्ता नहुने सवारीका हकमा एकमुष्ट रुपमा सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ।

१०) लिलाम सकार गरिएको मालसामान पुनः प्रयोगमा आउने रहेछ भने वातावरणलाई प्रभाव नपर्ने गरी सम्बन्धित निकायमा दर्ता गरी वा अनुमति लिई प्रयोगमा ल्याउन सकिनेछ। अनुमति वा दर्ता हुने/नहुने कुरा प्रचलित ऐन नियम अनुसार हुनेछ। अनुमति तथा दर्ता गर्दा कानून बमोजिम लाग्ने शुल्क लिलाम सकार गर्ने पक्षले नै तिर्नु बुझाउनु पर्नेछ।

९) सिलबन्दी दरभाउपत्रमा कुनै प्रकारको मिलेमतोमा वा कुनै त्रुटि, अनियमितता देखिएमा लिलाम सम्बन्धि सम्पूर्ण काम कारवाहीलाई बदर गर्ने, सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने नगर्ने लगायतका अन्तिम अधिकार यस अदालतलाई हुनेछ।

१०) यस सूचनामा कुनै कुरा छुट भएमा वा लिलाम सम्बन्धि कुनै निर्णय गर्नुपर्ने भएमा प्रचलित ऐन, कानून वा नियमावली तथा प्रचलित आर्थिक कार्यविधि ऐन तथा आर्थिक कार्यविधि नियमावली बमोजिम हुनेछ।

११) लिलाम हुने सवारी साधनहरु (मोटरसाइकल) हेर्न चाहेमा अदालत खुलेको समयमा यस अदालतको तहसिल शाखामा सम्पर्क गरी हेर्न सकिने छ।

२०८२।५।२०

(बबिता बस्नेत)

तहसिलदार

२०८२।०५।२०

CamScanner